


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ६६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत ७ गते शनिबार ❑ 20 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## हिमाल आरोही पूर्णिमा श्रेष्ठ अन्नपूर्ण एक हिमाल आरोहण गर्दै

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ चैत**

हिमाल आरोही पूर्णिमा श्रेष्ठले अन्नपूर्ण एक हिमाल आरोहण गर्ने भएकी छन् ।

गोर्खाको आरुघाट गाउँपालिका ९ स्थित आरुटारकी फोटो पत्रकार समेत रहेकी हिमाल आरोही श्रेष्ठले आफ्नो प्रदेशमा रहेको अन्नपूर्ण एकमा हालसम्म नेपाली महिलाले उक्त हिमाल आरोहण नगरेको हुँदा आफुले उत्त हिमाल चढ्ने अठोटका साथ हिमाल आरोहणको यात्रामा निस्केको बताइन् । म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा पर्ने अन्नपूर्ण एक हिमालको उचाई ८ हजार ९१ मिटरको रहेको छ भने उत्त हिमाल आरोहण गर्न श्रेष्ठ सहित उनको टिममा अन्य १६ जना विदेशी पर्यटकहरु समेत रहेको उनले जनाइन् । एभरेष्ट म्याराथनको फोटो खिच्न सगरमाथा वेस क्याम्पमा सन् २०१६ मा पुगेकी हिमाल आरोही श्रेष्ठले विश्वको



उच्च शिखर सगरमाथाको देशमा भएर पनि हिमालसंगको आफ्नो व्यत्तिगत तष्विर नभएकोमा गर्दा हिमाल आरोहणको सपना देखेसंगै एक बर्ष पछि सन २०१७ मा ८ हजार १ सय ६३ मिटरको मनासुलु हिमाल सफल आरोहण गरिन् । सन २०१८ मा उनले विश्वको शिखर सगरमाथाको समेत सफल आरोहण गरेकी छन भने सन २०१९ मा खुम्बुमा रहेको ६ हजार ८ सय १२ मिटर उचाइको आमा दब्लम को समेत सफल हिमाल आरोहण गरेकी छन् ।

विश्वकै दशौं अग्लो हिमालमा पर्ने अन्नपूर्ण एक हिमाल आरोहण गर्दा धेरै कठिन हुने हुदा उनको हिमाल आरोहणमा सेभेन समिट ट्रेक्स मार्फत हिमाल आरोहणको यात्रा पुरा गर्ने लक्ष्य राखेकी छन् । उत्त हिमाल आरोहण गर्न करिब एक महिना लाग्ने भएको उनी बताउछिन् । यसैबिच हिमाल आरोही श्रेष्ठको उत्त अभियानलाई गण्डकी प्रदेश सरकार, म्याग्दीको अन्नपूर्ण गाउँपालिका, विभिन्न व्यत्ति तथा संघ संस्थाहरुले समेत सहयोग गरेका छन् । गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले एक समारोहका बिच शुक्रबार हिमाल आरोही श्रेष्ठलाई खादा तथा माला एवं अविर लगाउदै सफल आरोहणको शुभकामना व्यक्त गर्दै नेपालको राष्ट्रिय झण्डा समेत हस्तान्तरण गरेका छन् ।

मुख्यमन्त्री गुरुङले प्रदेशको ८ हजार मिटर माथिको हिमाल चढ्ने सहास गर्ने महिला श्रेष्ठलाई ८ लाख दिने र उनको सफल आरोहण भए पश्चात पोखरा फर्किए लगत्तै पोखरामा रथ यात्रा समेत गराउने बताए । म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले समेत हिमाल आरोही श्रेष्ठको अभियानलाई सफल पार्न ५ लाख रुपैया सहयोग गर्ने भएको छ ।

## निर्यातमूलक उद्योग स्थापना गर्न प्रधानमन्त्रीको आग्रह

**रासस**
**काठमाडौं, ६ चैत**

प्रधानमन्त्री केपी शर्मा ओलीले देश विकासका लागि आवश्यकपर्ने नीतिगत एवं कानूनी सुधारका लागि आफू र आफ्नो नेतृत्वको सरकार पूर्ण रुपमा प्रतिबद्ध रहेको बताएका छन् । प्रधानमन्त्रीले भने, "निर्यातमूलक उद्योग स्थापना गरिदिनुस् । रोजगारीमूलक उद्योग सञ्चालन गर्नुस् । औद्योगिक वातावरणका लागि आवश्यक पर्ने नीतिगत सुधार गर्न तयारी छु ।" उनले देश विकासका लागि आवश्यक पर्ने नीतिगत सुधारका लागि आफू तयार रहेको बताए । प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार साँझ उद्योगी व्यवसायीसँगको छलफलमा प्रधानमन्त्री ओलीले रोजगारी र निर्यातमूलक उद्योग स्थापना गर्न आग्रह गरे ।

अत्यावश्यक कच्चा पदार्थ मात्रै विदेशबाट ल्याउन आग्रह गर्दै प्रधानमन्त्रीले नेपाल कुनै पनि हालतमा गरिब हुन नसक्ने उल्लेख गरे । निकट भविष्यमा नै देशको आर्थिक परिचय बदल्न चाहेको भन्दै उनले विकासोन्मुख देशमा नेपाल सिफारिश भएको तथ्य पेश गरे । वर्तमान सरकार गठन भएको तीन वर्षमा पूर्वाधारमा अभूतपूर्व विकास भएको र नेपाल पुरानोबाट नयाँ नेपालतिर जाँदै गरेको स्पष्ट पारे । कोरोनाको महामारी नभएको भए पर्यटन तथा सेवा क्षेत्रमा देखिने गरी केही न केही परिवर्तन भइसक्ने प्रधानमन्त्रीको भनाइ थियो । उनले आर्थिक, सामाजिक राजनीतिक क्षेत्रलाई स्वच्छ बनाउन आफू लागी परेको र समग्र क्षेत्रको रुपान्तरण गर्ने नीतिका साथ अगाडि बढिरहेको बताए ।

देशभित्रै सवारी साधन निर्माणको उद्योग खोल्न आग्रह गर्दै प्रधानमन्त्रीले सरकारले त्यस्ता उद्योगका लागि सहुलियत दिने प्रतिबद्धता व्यक्त गरे । उनले सरकार 'समृद्ध नेपाल सुखी नेपाली'को अभियानमा प्रतिबद्ध भएर लागेको र उद्योगी व्यवसायीको हितमा गर्नुपर्ने काम गर्न तयार रहेको बताए । उनले सामान आयात गरेर निर्यात गर्नेभन्दा पनि देशभित्रै उद्योग स्थापना गरेर निर्यात गर्ने सोचका साथ काम गर्न उद्योगी व्यवसायीलाई आग्रह गरे । महासङ्घका अध्यक्ष शेखर गोल्छाले चालु आवको बजेट र मौद्रिक नीतिले सार्वजनिक गरेका कार्यक्रमले व्यवसाय तङ् ग्रिन सहज भएको बताए । चार महिना लामो लकडाउन र एक महिनाको निषेधाज्ञाले गर्दा गत आर्थिक वर्ष र यस वर्षको पहिलो तीन महिना अर्थतन्त्र ऋणात्मक रहेको तथ्य पेश गर्दै उनले दोस्रो त्रैमासदेखि अर्थतन्त्रमा सुधार भएको बताए ।

बिहीबारसम्ममा लक्ष्यको ५८ प्रतिशत राजश्व उठेको भन्दै उनले चालु आवमा सरकारी लक्ष्यअनुसार नै राजश्व उठ्ने विश्वास व्यक्त गरे । उनले भने, "बैंकहरूमा ऋणको माग बढेको छ । जसले तरलतामा चाप पर्न शुरु भइसकेको छ । यसले ब्याज बढाउने भए पनि यो अर्थतन्त्र सुधार हुँदै गएको सङ्केत पनि हो ।" अध्यक्ष गोल्छाले शोधानान्तर बचत विस्तारै घट्न थालेकाले मुलुकमा उत्पादन र उपभोग बढ्न थालेको तथा औद्योगिक कच्चापदार्थ, इन्धन र अन्य उपभोग्य सामानको आयात अघिल्ला महिनाको तुलनामा बढेकाले सोधनान्तर बचत घट्न थालेको बताए ।

गत वर्षको सात महिनामा र यस वर्षको सोही अवधिमा पनि आठ खर्बको आयात भएको विवरण पेश गर्दै उनले विप्रेषण १० र निर्यात ८ प्रतिशतले बढेकामा खुशी व्यक्त गरे । महासङ्घले तयार पारेको भिजन पेपरमा हामीले सन् २०३० सम्ममा एक अर्ब डलरको अर्थतन्त्र पुग्ने

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'न्याय सम्पादनमा मेलमिलाप केन्द्रको महत्वपूर्ण भूमिका'

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ चैत**

गण्डकी प्रदेशका उपसभामुख सृजना शर्माले संवैधानिक व्यवस्थाअनुसार स्थानीय तहमा गठन गरिएका मेलमिलाप केन्द्रले न्याय सम्पादनमा महत्वपूर्ण भूमिका खेल्दै आएको बताउनुभएको छ ।

कास्कीको रुपा गाउँपालिका न्यायिक समितिद्वारा आज आयोजित मेलमिलापसम्बन्धी आठदिने आधारभूत तालीममा उहाँले संविधानले व्यवस्था गरेअनुसार नयाँ प्रयोगका रुपमा स्थापित मेलमिलाप केन्द्रमार्फत समाजका अधिकांश न्यायिक सरोकारका विषय स्थानीय तहबाटै सम्पादन हुनु महत्वपूर्ण उपलब्धिका रुपमा देखिएको बताउनुभयो ।

उहाँका अनुसार न्याय सम्पादन गर्नु आफैँमा चुनौतिपूर्ण कार्य हो त्यसका लागि यस्ता तालीमले मेलमिलाप सहजकर्ताको क्षमता अभिवृद्धिका साथै पीडित र पीडक दुवै पक्षलाई न्यायको अनुभूति गर्ने खालको निर्णय गर्न सक्षम हुनेछ ।

मेलमिलाप केन्द्र स्थापना गरी सञ्चालन आएसँगै सानातिना समस्या वडास्तरमै समाधान हुनेले जनताले सिंहदरबारको अधिकार घरमै आएको अनुभूति गरेको उल्लेख गर्दै उहाँले न्यायिक क्षेत्रलाई विश्वासिलो बनाउन मेलमिलाप सहजकर्ता सक्षम हुनुपर्नेमा जोड दिनुभयो ।

शून्यको अवस्थामा शुरु भएको गण्डकी प्रदेशले अहिलेसम्म विभिन्न ४६ कानून निर्माण गरी प्रमाणीकरण भई सकेको जानकारी दिँदै उपसभामुख शर्माले संवैधानिक व्यवसस्थाअनुसार न्याय सम्पादन गर्न सहजकर्ता सक्षम हुनुपर्ने बताउनुभयो । गाउँपालिकाका उपाध्यक्ष एवं न्यायिक समितिका संयोजक लालसुब्बा गुरुङले वडास्तरका न्यायमूर्ति निर्भिक र निश्पक्ष न्याय सम्पादनमा प्रतिबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो । तालीममा कास्कीका प्रमुख जिल्ला न्यायाधिश श्रीकृष्ण भट्टराई, न्यायाधिश तेजेन्द्र सापकोटा, डण्डपाणि शर्मा, विष्णुप्रसाद उपाध्याय, आनन्दप्रसाद श्रेष्ठ, देवप्रसाद योगी, हरिप्रसाद पण्डित, यज्ञप्रसाद अधिकारी लगायतले प्रशिक्षण दिने कार्यक्रम छ । सो तालीममा गाउँपालिकाका-७ वटा वडाका २१ मेलमिलाप सहजकर्ताको सहभागिता छ ।

## दुई हप्ताभित्र कांग्रेसको नेतृत्वमा सरकार : महामन्त्री कोइराला

**रासस**
**चितवन, ६ चैत**

नेपाली कांग्रेसका महामन्त्री डा शशाङ्क कोइरालाले अबको दुई हप्ताभित्र कांग्रेसको नेतृत्वमा सरकार बन्ने बताएका छन् ।

पत्रकारसँगको भेटमा शुक्रबारउनले सरकार परिवर्तनको विषयमा कांग्रेस, माओवादी केन्द्र र जनता समाजवादी पार्टीबीच छलफल भइरहेको बताए । उनले भने, "माओवादी केन्द्र र मधेशवादी दलबीच भएको छलफल निष्कर्षमा पुग्छ र कांग्रेसको नेतृत्वमा सरकार बन्छ ।" अहिले कांग्रेस पर्ख र हेरको अवस्थामा रहेको उनको भनाइ थियो । माओवादी केन्द्र सरकारमा रहिरहेका कारण केही समय लागेको उनको भनाइ थियो । उनले भने, "अहिले माओवादी केन्द्र सरकामा छ । उनीहरु फर्कन्छन् कि फर्कँदैनन् भन्ने हेर्नुपर्छ ।

तर हाम्रो प्रयत्न माओवादी केन्द्रलाई अहिलेको सरकारबाट बाहिर ल्याउने रहेको छ ।" प्रधानमन्त्री ओली नेतृत्वको सरकारले चालेको प्रतिगमनकारी कदमलाई सर्वोच्च अदालतले सच्याइदिएको भन्दै उहाँले संविधानको रक्षा गर्ने जिम्मेवारी कांग्रेसको काँधमा आएको बताए ।

## महिला शिक्षित भए समाज शिक्षित हुन्छ : पूर्वराष्ट्रपति यादव

**रासस**
**चितवन, ६ चैत**

पूर्वराष्ट्रपति डा रामवरण यादवले महिला शिक्षित भए समाज शिक्षित हुने बताउनुभएको छ । शुक्रबार यहाँ आयोजित मैयादेवी कन्या कलेज भरतपुरको देस्रो कलेजसभा तथा वार्षिकोत्सव कार्यक्रममा उहाँले आजको युग महिलाको भएको भन्दै महिलालाई शिक्षित बनाउन आवश्यक रहेको बताउनुभयो ।




ग्रामीण क्षेत्रमा रहेका मधेशी, दलित, जनजाति, मुस्लिम समुदायका महिला अझै अशिक्षित हुँदा समाजमा विकास हुन नसकेको भन्दै उहाँले भन्नुभयो, "दलित, मुस्लिम, मधेशी आदिवासी समुदायका बालिका अझै शिक्षाको पहुँचबाट बाहिर रहेका छन् । उनीहरुलाई शिक्षाको पहुँचमा पुऱ्याउन सके समुन्नत समाजको विकास हुन्छ ।" महिला शिक्षित भएका देश विकसित भएको भन्दै उहाँले शिक्षाले विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ भन्नुभयो । उहाँले भन्नुभयो, "महिलालाई शिक्षित बनाउन सके समाजमा भ्रष्टाचार न्यूनीकरणमा ठूलो योगदान पुग्छ ।" कन्या कलेजले महिलाको शिक्षामा महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै यादवले शिक्षा विनाको समाजको अभ्यास गर्न नसकिने टिप्पणी गर्नुभयो । वाग्मती प्रदेशका पूर्वप्रदेशप्रमुखअनुराधाकोइरालाले विद्यालयस्तरमा नै महिला लक्षित शिक्षा दिनु आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "रोजगारीको सिलसिलामा विदेशिने महिला र नेपालमा नै रहेका महिला पनि असुरक्षित रहेका छन् । उनीहरुलाई लक्षित गरी विद्यालयस्तरबाटै शिक्षा दिनुपर्छ ।" समाजमा रहेको विकृति अन्त्यका लागि महिला शिक्षित हुन आवश्यक रहेको उहाँको भनाइ थियो ।

क ा य र्् त्र ॽ म म ा कलेज परिसरमा संरक्षक मैयादेवी श्रेष्ठको अर्धकदको शालिक र सरस्वतीको मूर्ति अनावरण गरिएको थियो । सभामा कलेजका संस्थापक अध्यक्ष रामकृष्ण घिमिरे, कलेजका अध्यक्ष टङ्कनाथ पौडेल, कलेजका प्रमुख जेवी गुरुङलगायतले बोल्नुभएको थियो । सो अवसरमा कलेजलाई सहयोग गर्ने विभिन्न व्यक्तिलाई सम्मान गरिएको थियो ।

## 'समृद्धिका लागि वन' परियोजनाका लागि दुई अर्ब असी करोड सहयोग

**रासस**
**काठमाडौं, ६ चैत**

विश्व बैंकले 'समृद्धिका लागि वन' परियोजना कार्यान्वयन गर्न रु ७१ करोड अनुदान र रु दुई अर्ब १० करोड सहुलियतपूर्ण ऋण उपलब्ध गराउने भएको छ ।

दिगो वन संरक्षण र हरित पुनर्लाभलाई बढावा दिन नेपाल सरकार र विश्व बैंकबीच शुक्रबारअर्थ मन्त्रालयमा आयोजिक एक कार्यक्रममा उक्त रकम बराबरको वित्तीय सम्झौतापत्रमा अर्थसचिव शिशिर कुमार ढुङ्गाना तथा माल्दिभ्स, नेपाल र श्रीलङ्काका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद-जर्भोसले हस्ताक्षर गरे । नेपालको दिगो वन व्यवस्थापनलाई सुधार, वनमा आधारित निजी क्षेत्रको सुदृढ विकास

बाँकी अन्तिम पृष्ठमा ▶▶



# अन्तर्राष्ट्रिय रंगभेद दिवस- नेपाली समाजको सन्दर्भ



सोम बहादुर नेपाली 'सुर्खाली'

ई.स.१९६० मार्च २१ का दिन दक्षिण अफ्रिकाको सार्पविल्लेमा त्यहाँ तत्कालीन समयमा विध्यमान गोराहरुबाट कालाहरुप्रति (स्वेतहरुबाट अस्वेतप्रति) गरिने हिम्सा, विभेद, दमनपुर्ण अन्यायका बिरुद्ध भएको विद्यार्थीहरुको प्रदर्शनमा प्रहरीले गोली बर्साई ६९जनाको हत्या हुने गरि प्रहरी दमन गर्ने चेष्टा गर्यो। यही नस्लवादी राज्यले घटाएकोअमानवीय, विद्रुप तथा नरसंहारपुर्ण घटना नदोहोऱ्याउन, मानव अधिकारको ठाडो उल्लंघनप्रति सचेत गराउदै जातीय तथा रंगभेदको अन्त्य गर्ने, गराउने उद्देश्यले सयुक्त राष्ट्र संघले ई.स.१९६५ मा एक वृहत वहुराष्ट्रिय महासन्धि पारित गर्यो । अर्को वर्ष १९६६ देखि हरेक वर्ष जातीय तथा रंगभेद दिवस अन्तर्राष्ट्रिय रुपमा मनाउदै आएको छ,यसको सदस्य राष्ट्रको हैसियतले नेपालले पनि १९७१मा अनुमोदन गरि हरेक वर्ष मनाउदै आएको छ।

नेपालमा पनि, आजको २१औं शताब्दीमा आई पुग्दा पनि, जातीय उच्च-निचका, लैङ्गिक लगायत क्षेत्रीय तथा रंगभेद (मधेसी, पहाडी) समेत छ नै । यहाँ सती प्रथा, दास प्रथा, कमैया, कमलरी प्रथा पनि थिए र त्यसका दुष्प्रभाव अझै पनि छदैछन।

यी बिभेदहरुको श्रोत कुन हो ? प्रष्ट छ-वर्णाश्रम ब्यबस्था नै हो ।किनभने यसले पेशालाई जन्मजात बनायो, पदलाई जन्मजात बनायो। हो- भन्नलाई यो एउटा कर्म अनुसारको पद हो भनेर शास्त्रीय व्याख्याको बचाओट गरिन्छ। त्यसो भए एकै आमा-बाबुका सन्तान कर्मानुसारको कोहि ब्राह्मण, कोहि शुद्र, कोही क्षेत्रीय, कोहि वैश्य हुने सम्भावना बढी हुन्छ, त्यस्तो त छैन नेपाली समाजमा ! बाबु जे पद /जातिको कहलिएको छ उनका सन्तान जन्मजात त्यही पद/जातिको रुपमा कहलिन्छ, कहलिएका छन त ! कसरी कर्मानुसारको पद भयो ? फेरि भनिन्छ-पेसाको बिशिष्टिकरणका लागि हो । बाबुले जे गर्यो छोराले त्यही गर्नु पेशागत बिशिष्टिकरणको लागी हो भनिन्छ। यो त पेशा चयन गर्न पाउने ब्यक्तिको अधिकार हनन भयो। अर्कोतिर जे जस्तो व्याख्या ब्राह्मण पद पाउनलाई गर्नुपर्ने हुन्छ भनिन्छ तर सोही बमोजिमको कर्म नगर्दा पनि उनका सन्तानले जन्मजातै ब्राह्मण पद ग्रहण गर्न पाउदै आउनु त शास्त्रीय ब्याख्याको प्रतिकुल भएन र ? त्यस्तै अरुले पनि आफ्नो कर्मानुसारको पद त पाएका छैनन त ? जन्मजातै चाहे पनि नचाहे पनि वैश्य, शुद्र क्षेत्रीय (कथित भनेर बुझौं ) ? जन्म जात नै ब्राह्मण, क्षेत्रीय, वैश्य, शुद्र समाजको सदस्य ?अनि खै त कर्मानुसारको शुद्र पुत्रहरु - कोहि ब्राह्मण /क्षेत्री/ वैश्य बनेको ?

त्यसैले यो एउटा नस्लवादी तथा नातावाद चिन्तनको उपज हो। सिमानाको रक्षा गर्ने,राजकाज गर्ने काम क्षेत्रीयको भनियो तर खै त शुद्र पुत्र-पुत्रीहरु राजकाज तथा सिमा सुरक्षा लगायतका कर्म गरे बापत क्षत्रीय कहलिएका ? खैत शुद्र सन्तानहरु शैक्षिक लगायत विभिन्न क्षेत्रमा उच्च स्तरमा पुगे पनि ब्राह्मण पद पाएको , ब्राह्मण समाजको सदस्य स्वीकार गरेको ? यस्तै यस्तै ......। ?

यी विविध सन्दर्भमा बर्तमान अबस्थामा न त शास्त्रीय ब्याख्या नै मिल्छ न त व्यबहारमा ।त्यसैले पनि यो अमानवीय, अवैग्यानिक त छदैछ , समाजमा राजनीतिक रुपले दमित, आर्थिक रुपले शोसित,शैक्षिक रुपले बन्चित, सामाजिक रुपले अपमानित गर्ने र समग्रमा आफू एकाधिकारवाद, सामन्तवादको जरो दर्हो गराउने अरुलाई पिधमा पार्ने, निर्धो, निमुखा र आवज बिहिन बनाउने प्रपन्चको गोल चक्करमा विगत लामो समय कालखण्ड नेपालका कथित दलितहरु मारमा परे । यहि गोलचक्करको चर्खामा नेपाली महिला अन्य जनजाति, मधेसी, मुस्लिम समुदायहरु पनि मात्रात्मक रुपमा धेरै थोरै पिल्सिन बाध्य भए।

समग्रमा नेपाल प्राकृतिक श्रोत साधनको रुपले विछ्ट्टै, अपार धनी भए पनि यहि बर्णाश्रम व्यबस्थामा आधारित हुँदै सामन्ती, निरम्कुश, जहानिया तथा नातावाद कृपावादको एकात्मक, केन्द्रीकृत शासन व्यबस्थाको उपज विश्व मानचित्रमा गरिव मात्रै भएन वरु त्यसैका कारण द्वन्द्वको चपेटामा समेत फस्यो-त्यस्को प्रमुख कारण भनेकै राज्यले आफ्ना जनतालाई चरम वेवास्ता गर्नु, विभेद गर्नु सहअस्तित्वको आधारमा नहेर्नु नै थियो र छदैछ।

यसको प्रमुख कारण मनुवादी शासनको प्रभाव हो जस्को अपजस जयस्थिती मल्ल, जंग बहादुर लगायत शाही शासकहरुलाई जान्छ तर अदृश्य रुपमा सल्लाहकारको भुमिका निर्बाह गर्ने, प्रभुत्व जमाउने , हिन्दुराज्य कायम राख्न खोज्ने तर त्यसको बिकृती सच्याउन नलाग्ने मतियारहरुलाई पनि उत्तिकै अपजस जान्छ। ऐतिहासिक लिखित कानुनी दस्तावेजका आधारमा भने जंग बहादुर र उनको बि.स. १९१० मुलुकी ऐन (जस्मा एउटै प्रकृतिका घटनामा शुद्र /मतवाली दोषी भए अङ्ग भङ्गदेखि मृत्युदणडको सजाय तथा ब्राह्मण भए कपालको टुप्पी काटी दिएर पुग्ने, क्षत्रीय भए सिमाना पारी कटाए पुग्ने जातानुसारको सजाय)भएको मुलुकी ऐन लगायत जहानिया शासन मुल दोषीको रूपमा मुल्यांकन गर्दा न्याय नै होला , त्यस्तै एकतन्त्रीय निरंकुश शाही शासन, ती मात्रै नभएर तिनलाई चलाउने ब्राह्मणबादी एकल जातिय नस्लवादमा आधारित शासन पनि नेपालमा विभेद हुनु र अझै कायम रहनुको कारक र कारण हुन जस्ले सबै किसिमको विभेद अन्त्य गर्न गराउन तत्परता र कार्य योजना सहित द्वन्द्वलाई सहज ब्यबस्थापन गर्न सकेको छैन।

अर्थात माग भएका कार्य योजना स्वीकार गरिएको छैन। जस्तै राज्यको हरेक अङ्गमा पूर्ण समानुपातिक अवसर-जस्ले अनुपातिक सहभागिता गराउनेछ सहभागिताले, अभ्यासले क्षमताको बिकास पनि हुनेछ र जुन पहुँचले हेर्ने गर्ने व्यबहारमा परिवर्तन हुँदै अन्तरघुलन हुनेछ जो विभेद मुक्तिका लागी सहि मार्ग पनि साबित हुनेछ। तर यी माग संसद सचिवालयको दराजमा ढुसी लागेर बसेका होलान् तर तिनको सम्बोधनमा आजका लोकतान्त्रिक भनिने मुख्य दलहरू कै वेवास्ता वा गैर जिम्मेवारीले अगाडि बढेको छैन, होइन भने अहिले राजा छैनन्, राणाहरु छैनन्, कस्ले रोक्यो ? उत्पीडितले चिन्न जरुरी छ, त्यही अनुरुपको व्यवहार र संघर्ष गर्नु जरुरी छ।

यि समस्याका समाधान हेतु वेलावखत संघर्ष र राज्यद्वारा समाधानका उपाय स्वरुप राजनीतिक रुपले बि.स. २००७ को क्रान्ति, ०४६ सालको जनाआन्दोलन तथा त्यसको लग्गत्ते पछिका सशस्त्र बिद्रोह, २०६२/६३को परिवर्तनले गणतन्त्रको उपलब्धि ,त्यसको लगात्तै भएको मधेस बिद्रोह-जस्ले संघीय ब्यवस्थामा जान वाद्य पाऱ्यो। यसैकारण समग्र जनताको पहुँचसङ्गै उत्पीडित वर्ग समुदायको हक बिस्तार हुँदैछ। यद्यपि जे जति पाउनुपर्ने हो अझै त्यसका लागि संघर्ष गर्न जरुरी छ।

त्यस्तै कानुनी रुपले-बि.स. २०२० को ऐनले सुधारको प्रारम्भ गर्यो, ६२/६३ को आन्दोलन पश्चातको सरकारले छुवाछुत मुक्त राष्ट्र पनि घोषण गर्यो भने जातिय भेदभाव तथा सजाय कसुर ऐन २०६८ संसदबाट पारित भए सङ्गै छुवाछुत तथा भेदभाव लगायतका हिम्सामा सजाय दिलाउने आधार बनेको छ भलै प्रशासनिक पहुँचको अभावमा प्रारम्भिक चरण मै मुद्दाहरूको जायरी नै नलिने, अल्मल्याउने, विभिन्न दबाब र करकापमा पारी मिलापत्र गराउने अनि दोषी उम्कने आधार मिलाईदिने, आदि समस्या राज्यसत्तामा पहुँच नभए कै कारण समस्या ज्यूका त्यू छन भन्न सकिन्छ , किनभने समयको परिवर्तन सङ्गै विभेदका प्रकृति फरकफरक हुँदै आएकोमा सोही बमोजिमको माग र सम्बोधनका निम्ति सोही प्रकृतिको संघर्षको निरन्तरता अत्यावश्यक छ।

यी समस्या समाधान गर्न अझै पनि सम्वैधानिक संबोधन हुन जरुरी छ। त्यो भनेको - राजनीतिक रुपले पुर्ण समानुपातिक सम्सदको माग पूरा गर्नु हो -जस्ले मात्रै नीति निर्माणमा पहुँच हुनेछ, हरेक अङ्गमा जनसंख्याको आधारमा अबसरको सुनिश्चितता भै पहुँच बढ्नेछ । पहुँच कै कारण यो वर्ग समुदायलाई अरुबाट हेर्ने र गर्ने व्यबहार बदि्लनेछ।

अनि मात्रै सहअस्तित्वको महसुस हुनेछ, स्वाभिमान बढ्नेछ , त्यस्तो नागरिकले मात्रै स्वस्फूर्त रुपमा देश र राज्यको अपनत्वका साथमा समृद्धिका निम्ति उत्साहित हुँदै पसिना बगाउने छ, अन्यथा आमाले दुध खुलाउन मेसो नमिल्दा जसरी एउटा बच्चा रुन्छ, कराउछ, बिद्रोहको बाटो समाउछ, त्यस्तै राज्य अभिभावक भएको नाताले बच्चालाई आमाले ध्यान पुऱ्याउनु पर्ने भए जस्तै आफ्ना नागरिकका उचित तथा नैंसर्गिक मागलाई राज्यले ध्यान दिनु जरुरी छ।

यसका लागि न्युनतम पुर्ण समानुपातिक सम्सद, राज्य पुनः समरचना आयोगले दिएको १०+१ अनुसारको प्रदेश संरचना, स्विजरल्याण्डको जस्तो अध्यक्ष मण्डलले चलाउने तर समावेशी संघीय शासकीय स्वरुप जस्मा मात्रै दलित लगायतका उत्पीडितहरुले राज्य प्रमुख हुने अबसर पाउनेछ, त्यस्तै अस्ट्रियामा अभ्यास भए जस्तै दलित समुदायलाई १०/२० वर्ष सस्थागत विषेश प्रदेश जो ट्यूसनको रुपमा वा क्षतिपूर्तिका रुपमा अथवा सकारात्मक बिभेदका रुपमा लिन सकिन्छ । यसो भए मात्रै द्वन्द्व मेटिनेछ-समृद्धि भेटिनेछ । अन्तमा २१ मार्चको भावना समेटिनेछ।

जय मातृभूमी !

# दमौलीमा उद्यान र मञ्च निर्माण गरिँदै

पोखरापत्र संवाददाता
तनहुँ, ६ चैत

व्यास नगरपालिकाले दमौली अस्पताल अगाडि रहेको जिल्ला समन्वय समितिको जग्गामा उद्यान र मञ्च निर्माण गर्न शुरुआत गरेको छ । खेलप्रेमीले उक्त मैदानलाई खेल मैदानका रूपमा प्रयोग गर्दै आएका थिए। बुधबार निर्माण शुरु गरेसँगै सामाजिक सञ्जालमा निर्माण रोकेर खुला चौर नै राख्नुपर्छ जनाउँदै नगरवासीले विरोध जनाएका छन् ।

तत्कालीन जिल्ला समन्वय अधिकारी बद्रीनाथ तिवारीको संयोजकत्वमा बसेको सर्बदलीय बैठकले निर्णय गरिसकेकाले यसलाई कार्यान्वयन गर्न लागिएको नगरप्रमुख बैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । "कूल जग्गाको ६० प्रतिशत मञ्च र चालीस प्रतिशत उद्यान निर्माण गर्न लागेका हौँ", उहाँले भन्नुभयो, "धेरै सुझबुझ गरी नागरिक र नगरवासीको हकहितका लागि निर्माण गर्न लागिएको हो।" स्थायी मञ्च निर्माण गरी खुला राखिने हुँदा बिहान बेलुकाको समयमा वाकिङमा कुनै समस्या नहुने नगरप्रमुख न्यौपानेले बताउनुभयो। पहिलो चरणमा मञ्च निर्माणका लागि गत वर्ष नै रु ४५ लाख बजेट विनियोजन भइसकेको बताइएको छ । बिपी वनबाटिका अगाडि रहेको खुलाचौरलाई खेल मैदानका रूपमा व्यवस्था गर्न लागिएको उहाँले बताउनुभयो । उद्यानमा बालउद्यान, ज्येष्ठ नागरिक बस्नेस्थल, कफीसपलगायत संरचना निर्माण गरेर विकास र प्रवर्द्धन गर्ने गरी काम गर्न लागिएको हो। उद्यान र मञ्च छुट्याउन बीचमा करिब तीन फिट गाह्रो लगाएर मेकाफेरी जाली प्रयोग गरिने हुँदा मञ्चबाट पनि उद्यान सहजरूपमा देख्न सकिने नगरपालिकाका इञ्जिनीयर कमल शर्माले बताउनुभयो । हाल नर्सरी रहेको पर्खाल मर्मतसम्भार गरी जिल्ला समन्वय अगाडि रहेको फेविङ ब्लक बिच्छ्याउनेलगायतका काम गर्ने योजना छ। उद्यान निर्माणका लागि करिब रु तीन करोड बजेट रहेको बताइएको छ।

# त्रिभुवन विद्यालयमा पुनः पठनपाठन शुरु

पोखरापत्र संवाददाता
लमजुङ, ६ चैत

चट्याङ लागेर विद्यार्थीको मृत्यु र घाइते भएपछि बुधबारदेखि बन्द गरिएको यहाँका एक विद्यालयमा शुक्रबारदेखि पुनः पठनपाठन शुरु भएको छ। लमजुङ क्व्होलासोथर गाउँपालिका-४ भुजुङस्थित त्रिभुवन विद्याश्रम माध्यमिक विद्यालयमा पठनपाठन शुरु भएको हो।

विद्यालयका प्रधानाध्यापक दुर्गाप्रसाद गुरुङले भन्नुभयो, "विद्यालयमै रहेको अवस्थामा चट्याङ लागेर विद्यार्थीको मृत्यु र केही घाइते भएपछि बुधबार क्व्होलासोथर गाउँपालिका शिक्षा शाखा प्रमुख विद्यालयका शिक्षकलगायतको बैठक बसेर बुधबार बन्द गरिएको र बिहीबार विद्यालयले शोक मनाएकाले बन्द भएकामा आजदेखि विद्यालय पुनः सञ्चालनमा आएको छ ।" विद्यालय सञ्चालनमा आए पनि थोरै विद्यार्थी मात्र उपस्थित भएको उहाँको भनाइ छ । विद्यालयमा विद्यार्थी रहेकै बेला चट्याङ पर्दा तीन विद्यार्थी गम्भीर घाइते भएका थिए।

घाइतेपश्चात् हेलिकप्टरमा उद्धार गरी पोखरास्थित मणिपाल अस्पतालमा उपचारका लागि पुऱ्याइएपनि कक्षा१०मा अध्ययनरत १७ वर्षीय विनोद विकको मृत्यु भएको थियो। गम्भीर घाइते छविन्द्र गुरुङ र अंशु गुरुङ उपचार भइरहेको र उनीहरुको स्वास्थ्य अवस्थामा सुधार भइरहेको प्रधानाध्यापक गुरुङको भनाइ छ।

विसं २०५२ मा स्थापना भएको यस विद्यालयमा हाल २६६ विद्यार्थी रहेको विद्यालयले जनाएको छ । यस विद्यालयमा वाइफाइ र बिजुलीको तारमा समेत क्षति पुऱ्याएकामा अझै अवरुद्ध भइरहेको छ।

# चल्छ आरन: चल्दैन जीवन

रासस
मर्स्याङ्दी, ६ चैत

मर्स्याङ्दी गाउँपालिका-७ दोभानचौर गाउँका ५४ वर्षीय तुलाराम विकले सानै उमेरदेखि पुख्यौली पेशा अङ्गाल्दै आएनुभएको छ। उहाँको मात्र गाउँमा आरन व्यवसाय छ। उहाँ गाउँभरिका कृषि औजार सहित हातहतियार बनाउनुहुन्छ। उहाँको यस्तो काम दैनिकरुपमा वर्षौंभरि चलिरहन्छ । उहाँको जीवन यस पेशाबाट वर्षभरि नभई वर्षमा मुस्किलले एक दुई महिनामात्रै चल्दै आएको छ । गाउँभरि एकमात्र उहाँको यस व्यवसाय रहेकाले आम्दानी पनि राम्रो नै छ । उहाँले भन्नुभयो ,"परिवारको जीवनसमेत राम्रोसँग नै होला भन्ने सोच जो कसैको हुनुसक्छ। व्यवसाय गाउँघरमा चलिरहेकै पनि छ।" व्यवसायबाट भने आम्दानी राम्रो हुन नसक्दा अर्थात् अझै पनि अन्नबाली (बालीघरे प्रथा) मै काम गर्नु पर्दा काम गरेबापत अन्नबाली पाउने भएकाले त्यस अन्नबालीले पर्याप्त नहुने उहाँले गुनासो गर्नुभयो । उहाँले भन्नुभयो,"वर्षभरि यस गाउँलेका हषिया, कुटो, कोदालो, बञ्चरोलगायत कृषि औजार बनाएबापत प्रत्येक घरधुरीसँग ज्यालाको रुपमा अन्नपात (धान, मकै, कोदो) लिँदै आएको छु। त्यही पनि वर्षको दुई चार पाथीकै भरमा।"

उहाँले गाउँभरिका औजारको काम यसरी नै गर्दै आउनुभएको वर्षौं वर्ष भयो। उहाँले भन्नुभयो, "आफ्ना बाबु बाजेदेखि चलिआएको पुख्यौली पेशा लोप हुन नदिन यस पेशा गर्दै आएको छु। जीवन चलाउन भने समस्या नै समस्या हुँदै आइरहेको छ।" अहिलेको आधुनिक प्रविधि तथा गाउँघरमा समेत तयारी औजारका सामग्री आउने गरेकाले समेत आरन व्यवसाय नै सङ्कटमा पर्दा झन समस्या हुन थालेको उहाँको भनाइ छ। यहाँ अचेल धेरै कम मान्छेहरु मात्र आउने गर्दछन् । त्यही पनि हषिया, कुटो, कोदालोको धार लगाउनका लागि । गाउँका केही केहीले कहिले काही औजारमा धार लगाइदिए बापत पैसा दिने गरे पनि त्यो निकै कम हुने उहाँले दुखेसो गर्नुभयो। आरन व्यवसायी विकले भन्नुभयो, "एउटा हँसियामा धार लगाए भने, पाँच दश रुपैयाँभन्दा बढी दिँदैन त्यही पनि यसरी पैसा दिएर काम लगाउने निकै कम छन्।" दैनिक चलाउन यस पेशाबाहेक गाउँलेका खेतीपातीसमेत गर्ने गरेको भए पनि आम्दानी राम्रो नहुँदा दैनिक गुजारा चलाउन पनि हम्मेहम्मे परिरहेको छ। यसरी काम गरेर जसोतसो उहाँले आफ्ना एक श्रीमती, दुई छोरा र तीन छोरी गरी आफूसहित सातको परिवार धान्दै आउनुभएको छ । उहाँले भन्नुभयो, "हाम्रो सम्पत्तिको नाममा यही जहान मात्र छ। बस्ने जग्गासमेत आफ्नो नाममा छैन। यहाँ करिब दुई दशकदेखि जङ्गल फँडानी गरेर जस्तापाताले बेरेर बस्दै आएको उहाँले बताउनुभयो।

उहाँ त केवल एक प्रतिनिधि मात्र हुनुहुन्छ, उहाँजस्तै यहाँका ग्रामीण भेगका दलित समुदायको बेथा पनि उस्तै छ । परम्परादेखि चलिआएको बालीघरे प्रथा अझै हट्न नसक्दा जीवन समेत सहज रुपमा अघि बढ्न सकेको छैन । गाउँपालिका वडा नं. ४ का ३७ वर्षीय सुन्दर विक, वडा नं. ९ का ४२ वर्षीय प्रेम विकले पनि बालीघरे प्रथामा आरन व्यवसाय गर्दै आउनुभएको छ। यस पेशाबाट जीवन चलाउन मुस्किल भइरहेको उहाँहरुको भनाइ छ। जीवन नचले पनि आफ्ना पुख्यौली पेशाको संरक्षणको लागि भएपनि बालिघरे प्रथामा चित्त बुझाउँदै अघि बढिरहेको आरन व्यवसायी सुन्दर विकले बताउनुभयो।

मर्स्याङ्दी गाउँपालिका उपाध्यक्ष होमबहादुर विकले भन्नुभयो, "यस गाउँपालिकाका अधिकांश गाउँमा मकै, धान, कादोमै औजारको काम गर्ने गरेका छन्। " यस्ता पेशा अङ्गाल्दै आएकामा चेतनाको कमीले गर्दा पनि समाजमा अझै बालीघरे प्रथा कायम रहिरहेको उहाँको भनाइ छ । गाउँका मान्छेले उनीहरुलाई पैसा दिएर काम गर्न लगाए पनि पैसाभन्दा अन्नबाली नै रोज्ने तथा खोज्ने र लिने गरेकाले पनि उनीहरुको जीवन सहजरुपमा चल्न नसकेको गाउँपालिका उपाध्यक्ष विकको भनाइ छ । परम्परागतरुपमा यस्ता पेशा अङ्गाल्दै आएका उनीहरुलाई आधुनिकरण र व्यवसायीकरण गर्दै अघि बढाउने योजनामा गाउँपालिकाको रहेको छ। उहाँले भन्नुभयो, "विस्तारै गाउँपालिकाको सबै वडा समेटेर दुई स्थानमा कृषि औजार निर्माण उद्योग सञ्चालन गर्ने तयारीमा रहेको छ।"

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : मन चञ्चल | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : कार्यमा सफलता | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शारिरीक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सम्मान मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६,जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

बडा मजाको आयुर्वेदिक
१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ।
सम्पर्कः सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३

रक्तदान जीवनदान
जीवनदान महादान

## हार्दिक समवेदना



जन्मः
२००८/०८/१५ गते

स्व. गणेशमान श्रेष्ठ (कृष्ण)

स्वर्गारोहणः
२०७७/११/२४ गते

हाम्रो यस पद्मनारायण श्रेष्ठका छोरा हर्षमान श्रेष्ठ (चौं कालु) कूल द्योः समाजका सदस्य भाइ गणेशमान श्रेष्ठ (कृष्ण) को ६९ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा यस शोकको घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारजनमा इश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्ने सतत् कामनाका साथै गहिरो समवेदना प्रकट गर्दछौं ।

नाय पूर्णलाल श्रेष्ठ
तथा
कूल द्योः समाज परिवार
पोखरा-१३

# दिसाजन्य लेदो व्यवस्थापन प्लान्ट संचालन तयारी

– तोलाकान्त बगाले
वालिङ, ६ चैत (रासस)

दिसाजन्य लेदो व्यवस्थापन चुनौतीका रूपमा रहेको अवस्थामा स्याङ्जाको वालिङ नगरपालिका प्लान्ट सञ्चालनको अन्तिम तयारीमा पुगेको छ । फोहरमैला व्यवस्थापनका क्षेत्रमा देशभरमै उत्कृष्ट भई पटक-पटक पुरस्कृत भइसकेको सो नगरपालिकाले फोहरमैला व्यवस्थापनका क्षेत्रमा उदाहरणीय काम गरेसँगै दिसाजन्य लेदो व्यवस्थापनका लागि प्लान्ट निर्माण गरी सञ्चालनको अन्तिम तयारी गरेको हो ।

घर-घरमा सेप्टी ट्याङ्की भरिएपछि बाहिरी खुला ठाउँमा लगेर आफूखुशी फाल्ने गरेका कारण ढल तथा खोलानालाका पानीका स्रोत प्रदूषित हुन गएकाले त्यसको उचित व्यवस्थापनका लागि प्लान्ट निर्माण गरिएको नगरप्रमुख दिलीपप्रताप खाँणले बताउनुभयो ।

"अहिले घर-घरमा निर्माण भएका सेप्टीट्याङ्की दिसाजन्य लेदो भण्डारण गर्ने ट्याङ्की मात्रै हुन्", नगरप्रमुख खाँणले भन्नुभयो, "भरिएपछि अन्यत्रै लगेर फाल्नुपर्ने अवस्थाको अन्त्य गरी अब नगरपालिकाले बनाएको प्लान्टमा व्यवस्थापन गरी बायोग्यास तथा कम्पोष्ट मल बनाउनेछौँ ।" नगरभित्रका खानेपानी तथा अन्य खोला नदीका पानीका स्रोतमा 'कोलिफर्म' अत्यधिक मात्रामा देखापरेकाले पानी प्रदूषित भई अनेक खालका महामारीजन्य रोग उत्पन्न हुनसक्ने भएकाले जनस्वास्थ्यलाई मध्यनजर गरी प्लान्ट निर्माण गरिएको उहाँले बताउनुभयो । नगरपालिकाले नेपाल नगरपालिका सङ्घसँग समन्वय गर्दै एन्फो संस्थाको प्राविधिक डिजाइन सहयोग, राष्ट्रिय योजना आयोग, सङ्घीय मन्त्रालय, सिटी नेट, एसप्याक, युएनडिपी, बिलगेट्स एण्ड मेलिन्दा फाउण्डेशनको सहयोगमाएकीकृतफोहरव्यवस्थापन कार्यक्रमअन्तर्गत निर्माण अन्तिम चरणमा पुगेको उहाँले जानकारी दिनुभयो । "प्लान्टबाट आधुनिक कम्पोष्ट मल बनाउने, बायोग्यास निकाल्ने र पानीलाई प्रशोधन गरी पिउनयोग्य बनाउने योजनासहित अगाडि बढेका छौँ", उहाँले भन्नुभयो, "अब छिट्टै सञ्चालनमा आउने यो प्लान्ट एकीकृत फोहरमैला व्यवस्थापनका क्षेत्रमा नगरपालिकास्तरमा नेपालकै पहिलो हो ।" देशका शहरोन्मुख क्षेत्र तथा ठूला शहरमा फोहरमैला व्यवस्थापन अहिले चुनौतीका रूपमा देखापरिरहेको छ । फोहरमैला व्यवस्थापनसँगै नगरपालिकाले बिक्रीबाट वार्षिक लाखौँ आम्दानी गर्दै आइरहेको छ। "सबै वस्तु एकै ठाउँमा मिसायौँ भने फोहर हो", उहाँले भन्नुभयो, "स्रोतमै वस्तु अलग-अलग गर्यौं भने त्यो फोहर नभई आम्दानीको स्रोत हो ।" दिसापिसाबको व्यवस्थित सङ्कलनदेखि सुरक्षित विसर्जनसम्मको चरणबद्ध प्रक्रिया सरसफाइ प्रणाली हो । यो प्रणालीअन्तर्गत सङ्कलन, भण्डारण, रित्याउने र ढुवानी गर्ने, प्रशोधन र पुनः प्रयोग वा सुरक्षित विसर्जन रहेका छन् । नगरपालिकाले फोहरमैला व्यवस्थापनका क्षेत्रमा देशभरमै उत्कृष्ट स्थान प्राप्त गरी पुरस्कृत भएसँगै वालिङमा बाहिरी जिल्ला, नगरपालिका तथा विभिन्न सङ्घसंस्थाबाट अध्ययन अवलोकन भ्रमणका लागि आउने गरेका छन् ।

घर-घरमा निर्माण भएका सेफ्टीट्याङ्की तथा खाल्डो भरिएपछि खाली जमिन, खेतबारी, जङ्गलमा ट्याङ्करमार्फत विसर्जन गरिँदै आएकामा अब प्लान्ट सञ्चालनमा आएपछि व्यवस्थित हुने प्राविधिक सहयोग गर्दै आएको वातावरण जनस्वास्थ्य संस्था (एन्फो) का परियोजना संयोजक बुद्ध बज्राचार्यले बताउनुभयो । नेपाल नगरपालिका सङ्घको सहयोगमा सो नगरपालिकासहित लहान, धुलिखेल, लमही र भीमदत्त नगरपालिकामा यसप्रकारको प्लान्ट निर्माण गरिने भएको हो ।

"छ हजार लिटर क्षमताको प्लान्ट निर्माणको तयारी अन्तिम चरणमा छ", परियोजना संयोजक बज्राचार्यले भन्नुभयो, "प्लान्टबाट निस्कने बायोग्यास, कम्पोष्ट मल तथा पानीलाई प्रशोधन गरेर पुनः प्रयोग गर्न सकिनेछ ।" निजी केही व्यवसायीले व्यवस्थापनमा काम गर्दै आए पनि अब प्लान्ट निर्माणसँगै नगरवासीलाई थप सहज र सस्तो पर्ने भएपछि स्थानीयवासी खुशी छन् ।

# छोटो समयमा हिमाल चुम्न मर्दी पदयात्रा

-वासुदेव पौडेल
गण्डकी, ६ चैत

उमेरले ६४ वर्ष पुगेका पोखरेली पर्यटन व्यवसायी कृष्ण काफ्ले मर्दी हिमालको पदयात्रामा पोखराबाट निस्कँदा जति खुशी हुनुहुन्थ्यो, फर्कँदा त उहाँमा खुशीको कुनै सिमा नै थिएन । प्राकृतिक सुन्दरताले भरिएको पदयात्रा मार्गका हरेक मनमोहक दृश्यले आफूलाई निकै हर्षित बनाएको उहाँले अनुभव सुनाउनुभयो ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको प्रवर्द्धन एवं ट्रेकिङ इक्विपमेन्ट सप एशोसिएशन (टेसा) पोखराद्वारा आयोजित मर्दी हिमाल पदयात्रा तथा पदयात्रा सामग्रीको प्रयोग तथा चिनारी विषयक चार दिवसीय पदयात्रामा काफ्लेजस्तै पोखराका पर्यटन व्यवसायी एवं सञ्चारकर्मी औपचारिकरुपमा सो कार्यक्रममा सहभागी बनेका थिए । यही चैत १ गतेदेखि शुरु गरिएको पदयात्रा अधिकांशका लागि नौलो अनुभव थियो । पछिल्ला समयमा चासो चर्चा बन्दै गएको मर्दीको आधार शिविरसम्मको पदयात्रा छोटो समयमा हिमाल चुम्ने पदयात्राका रुपमा देश विदेशमा ख्याति कमाएको छ ।

गुराँस फुल्ने जङ्गलैजङ्गल चराचुरुङ्गीको चिरबिराहट सुन्दै र देख्दै हिँड्न सकिने यस मार्गमा सबै उमेर समूहका व्यक्तिले पदयात्रा गर्नसक्ने व्यवसायी काफ्लेले बताउनुभयो ।

चाँदीजस्तै टलक्क टल्किएका माछापुच्छ्रे, मर्दी, अन्नपूर्ण साउथ, गङ्गापूर्णजस्ता हिमाललाई एक साथ अवलोकन गर्दै पदयात्रा गर्नुको छुट्टै महत्व रहेको उहाँको अनुभव छ । "यसअघि आफूले सुनेको भन्दा पनि रमाइलो पाएँ मर्दी पदयात्रा", टेसा पोखराका संस्थापक अध्यक्ष एवं पोखरा पर्यटन परिषद्काकोषाध्यक्षसमेतरहनुभएका काफ्लेले भन्नुभयो, "यस पदयात्रा मार्गमा पछिल्ला समयमा आन्तरिक पर्यटकको बढ्दो चापसँगै यहाँको वातावरणीय सुन्दरतालाई जोगाउँदै सरसफाइलगायतका कुरामा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।"

पर्यटकीय नगरी पोखराबाट दुई दिनमा नै पुगी हिमाल चुम्न सकिने मर्दी पदमार्ग छोटो दूरीको पदयात्रा गर्न चाहने जो कोहीका लागि आकर्षक गन्तव्य रहेको टेसा पोखराका अध्यक्ष नारायण सापकोटाले बताउनुभयो। पदमार्गको प्रवर्द्धनका साथै पदयात्रामा प्रयोग गरिने सामग्रीको चिनार सिमेतलाई दृष्टिगत गर्दै नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा मर्दी पदयात्रा आयोजना गरिएको उल्लेख गर्दै उहाँले यात्राका प्रत्यक्ष देखाइ भोगाइसँगै पदयात्रामा प्रयोग गरिने सामग्रीको गुणस्तरीयताको अपरिहार्यताबारे पनि थप अनुभव प्राप्त भएको जानकारी दिनुभयो ।

नेपालको राष्ट्रिय फूल लालीगुराँसले ढकमक्क ढाकिएको जङ्गलैजङ्गलका बीच हिँडिने पदमार्ग भएकाले चैत वैशाखको समयमा यहाँको सुन्दरता अवर्णनीय हुने यहाँका होटेल व्यवसायी बताउँछन् । व्यवसायीका अनुसार पदयात्रा शुरु गर्दा शुरुमा गुलाबी रङ्गको गुराँस देखिए पनि माथि जाँदै गर्दा गाढा रङ्गको लालीगुराँस देख्न पाइनु अर्को महत्वपूर्ण पक्ष हो । पछिल्ला वर्षमा विशेषतः आन्तरिक पर्यटकको आकर्षक गन्तव्य बन्दै गएको यस पदमार्ग कोरोना कहरका बाबजुत पनि सुरक्षा मापदण्डसहित सञ्चालनमा ल्याइएको माछापुच्छ्रे गाउँपालिका-९का वडाध्यक्ष दुर्गाबहादुर क्षेत्रीले बताउनुभयो ।

मर्दी हाइक्याम्पस्थित होटेल ट्रेकेस प्याराडाइजका सञ्चालक सुदीप गौतमका अनुसार यस पदमार्गबाट अन्नपूर्ण, धौलागिरि, माछापुच्छ्रे, मनास्लुलगायत हिमाल एक साथ देख्न सकिन्छ । सन् २००७ मा मर्दी हाइक्याम्पमा होटेल खोल्न लाग्दा त्यस समयमा आफू उपहासको पात्रसमेत बनेको अनुभव सुनाउँदै उहाँले पछिल्ला वर्षमा सुविधासम्पन्न होटेल तथा पूर्वाधार बन्ने क्रमले पनि गति लिएको बताउनुभयो ।

पोखराबाट छोटो दूरीमा हिमालसँग मितेरी लगाउँदै रमणीय हिमाली तथा पहाडी दृश्यको एकसाथ अवलोकन गर्न सकिने मर्दी पदयात्राको विशिष्टता भएको नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका सचिवसमेत रहनुभएका गौतमको भनाइ छ । कास्कीको काँडेबाट प्रारम्भ हुने यस पदयात्रा मार्ग अष्ट्रेलियन क्याम्प, पोथना, पितम देउराली, फोरेष्ट क्याम्प, लो क्याम्प, बादलडाँडा हुँदै मर्दी हाइक्याम्पसम्म पुग्दछ । यी सबै स्थानमा बस्न र खानका लागि होटेल सञ्चालनमा आइसकेका छन् । समुद्री सतहबाट तीन हजार ५५० मिटर उचाइको मर्दी हाइक्याम्पबाट करिब दुई घण्टामा चार हजार २०० मिटर उचाइको 'भ्यु प्वाइन्ट' र त्यहाँबाट दुई घण्टामा चार हजार ५०० मिटर उचाइको मर्दी आधार शिविर पुग्न सकिन्छ ।

हाइक्याम्पबाट ठाउँठाउँका साँघुरा अप्ठेरा बाटा पार गर्दै 'भ्यु प्वाइन्ट' र आधार शिविर पुग्न सकिने टेसा पोखराका पूर्वअध्यक्ष एवं सल्लाहकार नवराज अधिकारीले जानकारी दिनुभयो । "शुरुमा जाँदा अप्ठेरा बाटाका कारण थकाइ लागे पनि हिमाली चुचुरासँग मितेरी लगाउँदै हिँड्न पाउँदा सबै थकाइ मेटिन्छ", पदयात्राको अनुभव सुनाउँदै उहाँले भन्नुभयो, "पोखराबाट यति छोटो दूरीको हिमाल चुम्न सकिने यो पदमार्गको प्रवर्द्धन, संरक्षणका साथै प्रचारप्रसार आवश्यक छ ।"

शुरुमा काँडे हुँदै पदयात्रा गर्नेहरू फर्कँदा भने माछापुच्छ्रे गाउँपालिकाको सिदिङबाट आउँछन् । सिदिङसम्म जीप जाने भएकाले त्यहाँबाट झण्डै दुई घण्टाको समयावधिमा पर्यटक पोखरा पुग्दछन् । पदयात्रा पर्यटनमा मर्दी पदयात्रा पछिल्ला समयमा पर्यटकको आकर्षक गन्तव्य बन्दै गएको नेपाल पर्यटन बोर्डका पूर्वकार्यकारी सदस्य टीकाराम सापकोटा बताउनुहुन्छ । मर्दी पदयात्रा प्राकृतिक सौर्न्दताले विशेष महत्वपूर्ण रहेको बताउँदै उहाँले यसको निरन्तर प्रवर्द्धन र संरक्षण गर्नु जरुरी रहेको बताउनुभयो ।

"यस पदमार्गमा ठूला बस्ती नरहेका कारण यो प्रकृतिमा आधारित पदमार्ग हो", उहाँले भन्नुभयो, "यसको प्राकृतिक सौन्दर्यतालाई जोगाउँदै बस्ती नरहेका कारण आगामी दिनमा पनि यस क्षेत्रमा जथाभावी मोटरबाटो खन्ने काम रोकिनु आवश्यक छ ।" बढ्दो पर्यटकको आगमनसँगै हुनसक्ने वातावरणीय प्रदूषणसमेतलाई दृष्टिगत गर्दै बेलैमा यसतर्फ सचेत बन्नुपर्ने पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष चिरञ्जीवी पोखरेलले बताउनुभयो। छोटो दूरीमा हिमाल छुन सकिने मर्दी पदयात्राको आफ्नै विशिष्ट महत्व रहेको बताउँदै उहाँले पदयात्रा मार्गका बाटोलाई व्यवस्थित बनाउँदै लैजानुपर्ने आवश्यकता औँल्याउनुभयो।

# पच्चीस वर्षसम्म लागू भएन ढोरपाटन आरक्षमा मध्यवर्ती

पोखरापत्र संवाददाता
गलकोट, ६ चैत

नेपालको एकमात्र शिकार आरक्ष ढोरपाटन शिकार आरक्षले स्थानीयवासीको विरोधका कारण मध्यवर्ती क्षेत्र घोषणमा ढिलाइ गरेको छ ।

शिकार आरक्ष फैलिएको बागलुङ, म्याग्दी र पूर्वी रुकुमका ५६ गाउँ बस्ती समेटेर मध्यवर्ती क्षेत्र घोषणा गर्ने भए पनि स्थानीयवासीले मध्यवर्तीका विषयमा नबुझ्दा समस्या भइराखेको शिकार आरक्षले जनाएको छ ।

मध्यवर्ती क्षेत्र घोषणा भइसकेपछि आरक्षको राजश्वको ५० प्रतिशत स्थानीयवासीको विकास तथा मध्यवर्ती क्षेत्रको संरक्षणमा खर्च गर्नुपर्ने प्रावधान छ। जनताले मध्यवर्ती क्षेत्र घोषणा भएमा आफूहरुले वन जङ्गल तथा खेतीयोग्य जमीनको प्रयोग गर्न नपाइने बुझाइरहेका कारण स्थानीयवासीलाई नै फाइदा पुग्ने मध्यवर्ती क्षेत्र घोषणामा ढिलाइ भएको शिकार आरक्षको कार्यालयलेजनाएकोछ।जनतालाई मध्यवर्ती क्षेत्रका विषयमा जानकारी नहुँदा कार्यान्वयनमा समस्या भएको ढोरपाटन शिकार आरक्षका प्रमुख संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले जानकारी दिनुभयो । "आरक्षले मध्यवर्ती क्षेत्र घोषणा गरेपछि हामीलाई उठाउँछ, चरिचरन बन्द गर्छ वा घाँस दाउरा गर्न दिँदैन भन्ने भ्रम रहेछ", प्रमुख संरक्षण अधिकृत कँडेलले भन्नुभयो, "मध्यवर्ती क्षेत्रका जनताको विकास र यस क्षेत्रबाट उठ्ने राजश्वलाई गाउँकै विकासमा लगाउन मध्यवर्ती क्षेत्र निकै राम्रो छ, अबका जनताले यस विषयमा बुझ्न ढिलाइ नहोस् भन्ने छ ।" कँडेलका अनुसार मध्यवर्ती क्षेत्र घोषणा भएका नेपालका अन्य क्षेत्रको अवस्थाको विकासबारे समेत यहाँका स्थानीयले बुझ्नुपर्ने बताउनुभयो । मध्यवर्ती क्षेत्र घोषणा नभएको ढोरपाटन सिकार आरक्ष मात्रै हो। नेपालका १३ वटा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण क्षेत्रमा मध्यवर्ती क्षेत्र घोषणा भइसके पनि ढोरपाटन सिकार आरक्षले भने स्थानीयको विरोधका कारण मध्यवर्ती क्षेत्र घोषणा गर्न सकेको छैन । विसं २०५२ मा मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली आएलगत्तै घोषणा गर्नुपर्ने काम अहिलेसम्म नभएको आरक्षको भनाइ छ । मध्यवर्ती क्षेत्र निर्देशिका २०५६ आए पनि ढोरपाटनमा विभिन्न कारणले गर्दा मध्यवर्ती क्षेत्र घोषणामा २५ वर्ष ढिलाइ भएको छ। मध्यवर्ती क्षेत्र घोषणामा स्थानीयको विरोध रहँदै आएको छ।

मध्यवर्ती क्षेत्र घोषणा गर्नुपूर्व जनतासँगको समन्वय र सिमाना विवाद टुङ्ग्याउनुपर्ने स्थानीय चक्रबहादुर अदैले जानकारी दिनुभयो । "आरक्षले हामीले प्रयोग गर्ने जङ्गल, चरिचरन तथा ढुङ्गा गिटी बालुवा निकाल्ने क्षेत्र देखाएर मात्रै मध्यवर्ती क्षेत्र घोषणा गरोस् भन्ने हो", अदैले भन्नुभयो, "जबर्जस्ती मध्यवर्ती क्षेत्र घोषण गर्नुभन्दा नागरिकसँग सल्लाह सुझाव लिएर मात्रै घोषणा गरियोस् भन्ने स्थानीयको चाहना हो ।"

प्रस्तावित मध्यवर्ती क्षेत्रमा बागलुङ जिल्लाको ढोरपाटन नगरपालिका, निसिखोला गाउँपालिका र तमानखोला गाउँपालिकाका २८ गाउँबस्ती, रुकुमपूर्वका पुथा उत्तरगङ्गा गाउँपालिका २२ गाउँबस्ती र म्याग्दी जिल्लाको धौलागिरि गाउँपालिकाको छ गाउँबस्ती समावेश गरिएको आरक्षले जनाएको छ। ढोरपाटन शिकार आरक्षको अहिले १८५ हेक्टर जमीन स्थानीयले अतिक्रमण गरेर उपभोगसमेत गर्दै आएका छन् । स्थानीयवासीले भने अन्य संरक्षण तथा आरक्षण क्षेत्रभन्दा ढोरपाटन शिकार आरक्ष भौगोलिक तथा वातावरणीय हिसाबले निकै फरक भएका कारण समस्या भएको स्थानीय भद्रमणि सुनारले जानकारी दिनुभयो । "स्थानीय जनतालाई नियमितरुपले वन पैदावार उपभोग गर्न पाउने सहुलियत प्रदान गर्नका लागि राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरिको दफा ३ 'क' बमोजिम तोकिएको क्षेत्र' मध्यवर्ती क्षेत्रको परिभाषामा उल्लेख गरिएको छ।

मध्यवर्ती क्षेत्र घोषणा गरेपछि जनताको विकास, वन संरक्षण तथा सामाजिक क्रियाकलापलगायत पाँच क्षेत्रमा राजश्वको आम्दानी ५० प्रतिशत लगानी गर्नुपर्ने बताइएको छ । मध्यवर्ती क्षेत्रमा वन्यजन्तु, वन जङ्गल, जैविक विविधता, प्राकृतिक वातावरण तथा प्राकृतिक स्रोत र विकास निर्माण कार्य गर्न सकिने छ।

मध्यवर्ती क्षेत्रमा स्थानीयबाटै उपभोक्ता समिति गठन गरी काम अगाडि बढाइने हुँदा जनताले उपभोग गर्न नपाउने भन्ने कुरा भ्रम रहेको आरक्ष कार्यालय बागलुङले जनाएको छ । कर्मचारीको मात्रै भरमा रहेको आरक्षमा विसं २०७३ मा नेपाली राखिएको छ । बागलुङ, पूर्वीरुकुम तथा म्याग्दी गरी तीन जिल्ला समेटिएको आरक्षभित्रका सात ब्लकमध्ये आरक्ष कार्यालय ढोरपाटन, देउराली तथा निशेलढोरमा मात्रै सुरक्षा तैनाथ गरिएको छ । बागलुङ, म्याग्दी र पूर्वी रुकुम जिल्ला गरी कूल एक हजार ३२५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ।

# सञ्चार सिद्धान्तमा शान्ति सिद्धान्त थप्न सुझाव

रासस
काठमाडौं, ६ चैत

'बौद्ध दर्शन र सञ्चार' विषयमा लुम्बिनी बौद्ध विश्वविद्यालयबाट विद्यावारिधिप्राप्त डा बालकृष्ण चापागाईंले सञ्चारका विश्वव्यापी चार सिद्धान्तमा शान्ति सिद्धान्तलाई पाँचौँ सिद्धान्तका रुपमा समावेश गरिनुपर्ने आफ्नो अध्ययनको निष्कर्ष प्रस्तुत गर्नुभएको छ ।

राष्ट्रिय समाचार समिति (रासस) केन्द्रीय कार्यालयमा आज आयोजित उक्त शोधका सन्दर्भमा आयोजित परिचर्चा कार्यक्रममा राससका पूर्वअध्यक्ष डा चापागाईंले मानवतावादी र समानतावादी सोच र दर्शनका धनी गौतम बुद्धले आफ्नो ज्ञानलाई अन्तरमुखी, अन्तरवैयत्तिक र समूह सञ्चार अवधारणानुसार विश्वव्यापी फैल्याउन सफल भएकाले उहाँको शान्ति दर्शनलाई सञ्चार सिद्धान्तमा समावेश गर्न आवश्यक रहेको तर्क प्रस्तुत गर्नुभयो । सञ्चारमा अधिनायकतावादी,उदारवादी,सामाजिक उत्तरदायित्ववादी र साम्यवादी सिद्धान्त स्थापित छन् । उहाँले राससजस्तो जिम्मेवार संस्थाले सञ्चारबाट शान्ति सन्देश दिन सक्नुपर्ने जनाउनुभयो । प्रेस चौतारी नेपालका पूर्वाध्यक्ष डा चापागाईंले करीब आठ वर्षको समय लगाएर गर्नुभएको उक्त शोध अध्ययनलाई विश्वविद्यालयले गत फागुन १९ गते स्वीकृति दिएको थियो ।

विद्यावारिधि हासिल गरेकामा बधाई दिँदै राससका अध्यक्ष श्यामल अधिकारीले बुद्धको सबैभन्दा बढी आकर्षण हुने सवाल विनयशीलता र प्रेम भएकाले यस्तो सन्देश दिने व्यक्तित्वका बारेमा सञ्चार क्षेत्रमा योगदान पुगेको बताउनुभयो । उहाँले बौद्धका कुनै पनि भिक्षु अनुयायीले रिस व्यक्त नगरेको बताउँदै सञ्चारकर्मीलाई पनि आफ्ना व्यवहारलाई विनयी बनाउन सुझाव दिनुभयो ।

राससका महाप्रबन्धक ओपेन्द्र शर्माले शान्ति स्थापना र समृद्ध मुलुक निर्माणका लागि बुद्धका सन्देश उपयोगी भएकाले यस विषयमा शोधअध्ययन गर्नुभएकामा डा चापागाईँलाई बधाई दिँदै शान्ति पत्रकारितालाई अघि बढाउनुपर्ने बताउनुभयो । सो अवसरमा राससका कार्यकारी व्यवस्थापक उत्तम सिल्वाल, आलेख संयोजक एकराज पाठक, कार्यकारी सम्पादक कृष्ण अधिकारी, मदन गौतमलगायतले बौद्धदर्शनबारे जिज्ञासा राख्दै डा चापागाईंलाई बधाई दिनुभएको थियो ।

# हार्दिक समवेदना



जन्मः २००८/०८/१५ गते

स्व. गणेशमान श्रेष्ठ(कृष्ण)

स्वर्गारोहणः २०७७/११/२४ गते

**यस भद्रकाली सि गुठी (चौ) का सदस्य भाइ गणेशमान श्रेष्ठ (कृष्ण) को ६९ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा यस शोकको घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारजनमा इश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्ने सतत् कामनाका साथै गहिरो समवेदना प्रकट गर्दछौं ।**

**नाय पुलेन्द्रमान श्रेष्ठ**
**तथा**
**भद्रकाली सी गुठी (चौ) परिवार**
**पोखरा-१३**